# आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक प्रगति प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

इलाका प्रशासन कार्यालय बुर्तिवाङ, बागलुङ

# बार्षिक प्रगति प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरु

## पदाधिकारीहरु



सरोज सिग्देल
शाखा अधिकृत



दिल बहादुर थापा
(सूचना अधिकारी)
नायब सुब्बा



नन्द कला सर्तुङ्गी
नायब सुब्बा



मुना राई
कम्प्यूटर अपरेटर

सर्वाधिकार © इलाका प्रशासन कार्यालय बुर्तिबाङ, बागलुङ
फोन नं. ०६८-४१००९९ मोबाइल नं. ९८५७६४१०९९
ईमेल: aaoburtibang@gmail.com
वेबसाइट: https://iscburtiwang.moha.gov.np, फेसबुक: facebook.com/BurtibangAAO/

# बार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख छ । राज्यका काम कार्वाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पर्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सु-सूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन सूचनाको हक सम्बन्धि ऐन, २०६४ र नियमावली २०६५ जारी भएको छ । सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधीहरुको विवरण ३/३ महिनामा र बार्षिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था अनुरुपको कानुनी व्यवस्था पालनाका लागि यस इलाका प्रशासन कार्यालयले गरेका काम र कारवाहीहरुको जानकारी आम नागरिकहरुमा पुहोस भन्ने उदेश्यका साथ यस कार्यालयबाट आ.व. २०८१/८२ मा सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

सरोज घिमिरे दल


सरोज सिग्देल

शाखा अधिकृत

इलाका प्रशासन कार्यालय बुर्तिवाङ, बागलुङ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाका प्रशासन कार्यालय
बुर्तिबाङ, बागलुङ

## बागलुङ जिल्लाको नक्सा




## इलाका प्रशासन कार्यालयको सेवा क्षेत्र अन्तर्गत पर्ने भू-भागको नक्सा ।




सरोज खिनेल
इलाका अधिकृत

# विषय-सूची

**१.बागलुङ जिल्लाको संक्षिप्त परिचय** ........ 1

**२.कार्यालयको संक्षिप्त परिचय** ........ 2

३.कार्यालयको स्वीकृत दरवन्दी : ........ 3

५.कार्यालयमा हाल कार्यरत कर्मचारीहरु: ........ 4

**६.आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यको परिमाणात्मक प्रगति विवरण** ........ 6

**७.इलाका प्रशासन कार्यालयको नागरिक वडापत्र** ........ 7

८. कार्यालयवाट प्रदान हुने सेवा प्रवाह सम्वन्धि कार्यहरु ........ 9

९. केही झलकहरु ........ 10

सरोज ढिम्देल
शाखा अधिकृत

## १.बागलुङ जिल्लाको संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेशमा पर्ने पहाडी जिल्ला बागलुङ, साविक धौलागिरी अञ्चलको अञ्चल सदरमुकामको रुपमा रहेको छ । प्रशासनिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रोल्पा, रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्यूठान र गुल्मी जिल्ला रहेका छन् । प्रतिनिधि सभा २ निर्वाचन क्षेत्र, प्रदेश सभा ४ निर्वाचन क्षेत्र, ४ नगरपालिका, ६ गाउँपालिका गरी १० वटा स्थानीय तहहरू यस जिल्लामा छन् । यो अक्षांशीय हिसाबले २८ डिग्री १५ मिनेट उत्तरी अक्षांशदेखि २८ डिग्री ३७ मिनेट उत्तरी अक्षांशसम्म र देशान्तरीय हिसाबले ८३ डिग्री पूर्वी देशान्तरदेखि ८३ डिग्री ३६ मिनेट पूर्वी देशान्तरसम्म १,७८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या पुरुष १,१६,१९४ र महिला १,३३,०१७ गरी कुल २,४९,२११ रहेको छ ।त्यसै गरी लैङ्गिक अनुपात ८७.३५, जनघनत्व १४० जना प्रति वर्ग कि मि र वार्षिक जनसंख्या वृद्धिदर -०.७२ प्रतिशत रहेको छ । लोक्ताको जिल्ला, नेपालको जस्तो नक्सा भएको जिल्ला, झोलुंगे पुलको जिल्ला हुक्का र राडीपाखिको जिल्ला जस्ता उपनामले परिचित यस जिल्ला नेपाल भित्रको सानो नेपाल जस्तै आकारमा पूर्व पश्चिम भै फैलिएर रहेको छ ।

बागलुङ कालिका भगवती मन्दिर, नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्ष, गाजा दह, घुम्टेको लेक जस्ता महत्वपूर्ण सम्पदाले यसको पहिचानलाई अझ शिखरमा पुऱ्याएका छन् । चैते दशैं मेला, हनुमान नाच, लाखे नाच जस्ता सांस्कृतिक पर्वहरु, रुद्र ताल, गाजाको दह, नील दह जस्ता प्रमुख ताल एवं कुण्डहरु, यानीमाया, सालैजो, सोरठी नृत्य, घाटु नाच लगायतका लोक संस्कृतीको धनी यस जिल्लाका प्रमुख व्यापारिक महत्वका ठाउँहरुमा बागलुङ बजार, बुर्तिवाङ बजार, हटिया बजार, शेरा बजार, खार बजार, हरिचौर बजार, खर्वाङ बजार आदि रहेका छन् । यस जिल्लामा मुख्य रुपमा ब्राह्मण, क्षेत्री तथा जनजातिहरुको बसोबास रहेको छ । मुख्य पेशा कृषि रहेको र यस जिल्लामा वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेको हुँदा विप्रेषण भिञ्याउने प्रमुख जिल्लाहरुमध्ये पनि पर्दछ ।

अधिकांश पहाडी भुभागमा पर्ने यो क्षेत्रको नामाकरणको पनि रोचक प्रसङ्ग छ । एक कहावत अनुसार कुनै समय यस क्षेत्रमा बाघको संख्या बढी भएको र बाघहरु हिंड्दा पनि ताँती लगाएर हिंड्ने भएकाले जनजीवन भयभीत भएको थियो । भयावहबाट मुक्ति पाउन स्थानीय मगराती जातीमा व्यक्तिहरुको सक्रियतामा बाघ छेद्रे, काट्ने वा मार्ने काम गरेकाले यसै प्रसङ्गमा ठाउँको नाम 'बाघलुज' वा 'ब्याघलु' हुँदै पछि अप्रभंश भएर बागलुङ रहन गएको भन्ने भनाई रहँदै आएको छ ।

सरोज घिमिरे
शाखा अधिकृत

## २.कार्यालयको संक्षिप्त परिचय

इलाका प्रशासन कार्यालय नेपाल सरकारको गृह प्रशासन अन्तर्गतको प्रशासनिक निकाय हो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप सञ्चालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू भै उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार बागलुङ जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न तथा जिल्लास्थित अन्य कार्यालयहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन कायम गर्ने जिम्मेवारीका साथ बागलुङ जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो ।

बागलुङ जिल्लाको सदरमुकाम भौगोलिक हिसावले केहि पूर्वी भागमा अवस्थित छ । बागलुङको पश्चिमी भाग दुर्गम रहेको तथा यहाँबाट बागलुङको सदरमुकाममा नेपाली नागरिकताको प्रमाणपत्र / नाबालक परिचयपत्र / राहदानी लगायतका अनिवार्य र अत्यावश्यक कार्यहरूको लागि धेरै समय र स्रोत खर्च हुने हुँदा सेवा प्रवाहमा सहजताको लागि बागलुङको पश्चिमी क्षेत्र, बुर्तिवाङमा तत्कालिन प्रमुख जिल्ला अधिकारी श्री ओम प्रसाद गौतम ज्यूको पालामा मिति २०५४/११/२६ मा इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङको स्थापना भएको हो । द्वन्द्वकालमा सुरक्षाका कारण असहज परिस्थिति उत्पन्न भएपछि २०५८ सालबाट यस कार्यालयले बुर्तिवाङमा रहेर सहज रुपमा सेवा प्रवाह गर्न नसके पनि शान्ति पुनर्स्थापना र लोकतन्त्रको पुनःबहाली पश्चात् मिति २०६३/१२/२१ मा पुनः यस कार्यालयबाट सेवा सुचारु गरियो । सुरुमा इलाका प्रशासन कार्यालयको नाममा स्थापना भएपनि यस कार्यालय/अन्तर्गतबाट कृषि सेवा, पशु सेवा, शिक्षा सेवा लगायतका सेवाहरू समेत प्रदान गर्ने गरी २०६९ सालबाट एकिकृत सेवा केन्द्रको नामबाट सेवा प्रदान गर्दै आएको थियो । मिति २०७५/०८/१६ बाट पुनः यस कार्यालयको नाम इलाका प्रशासन कार्यालय, बुर्तिवाङ कायम गरी गरी सेवा प्रवाह हुँदै आएको छ । सुरुमा नेपाली नागरिकताको प्रमाणपत्र मात्र प्रदान गर्ने गरिएकोमा तत्कालिन प्रमुख जिल्ला अधिकारी श्री शेष नारायण पौडेल ज्यूका पालामा अधिकार प्रत्यायोजन भई मिति २०७१/११/१५ बाट राहदानी सेवा समेत यस कार्यालयबाट प्रदान गर्न थालियो । त्यस्तै प्रमुख जिल्ला अधिकारी श्री लुक बहादुर क्षेत्री ज्यूको पालामा मिति २०७६/०१/२२ बाट यस कार्यालयबाट नाबालक परिचयपत्र वितरणको सेवा समेत थालनी गरिएको छ ।

हाल यो कार्यालय ढोरपाटन नगरपालिकाको वडा नं. १, बुर्तिवाङमा अवस्थित छ ।

सेवा प्रवाहका हिसावले बागलुङ जिल्लास्थित १० वटा स्थानीय तहहरुमध्ये चारवटा स्थानीय तहहरू, ढोरपाटन नगरपालिका, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका र बडिगाड गाउँपालिका, यस कार्यालयको क्षेत्राधिकारभित्र पर्दछन् । यी चारवटा स्थानीय तहहरू अन्तर्गतका साविकका निसी, बोवाङ, बोहोरागाउँ, अधिकारीचौर, देविस्थान, राजकुत, दर्लिङ, बुर्तिवाङ, बोंगादोभान, खुंखानी, भिमगिठे, खुंगा, तमान, ग्वालिचौर, रणसिंहकिटेनी, जलजला र दगातुंडाँडा गा.वि.स.हरू र यी चार वटा स्थानीय तह अन्तर्गत वसोवास गर्ने ९२००८ (जनगणना २०७८ अनुसार) जना नागरिकहरुले यस कार्यालयबाट निरन्तर सेवा प्राप्त गरिरहेका छन् ।

स्थापना कालदेखि हालसम्म भाडाको घरमा कार्यालय सञ्चालन गर्दै आइरहेको छ ।

सरोज घिमिरे
शाखा अधिकृत

## ३.कार्यालयको स्वीकृत दरवन्दी :

| क्र.सं. | पद | सेवा/समूह/उपसमूह | श्रेणी | संख्या |
|---|---|---|---|---|
| १. | शाखा अधिकृत | नेपाल प्रशासन/सामान्य प्रशासन | रा.प.तृतीय | १ |
| २. | नायव सुब्बा | नेपाल प्रशासन/सामान्य प्रशासन | रा.प. अनंकित प्रथम | ३ |
| ३. | सहायक लेखापाल | नेपाल प्रशासन/लेखा | रा.प. अनंकित द्वितीय | १ |
| ४. | सहायक कम्प्यूटर अपरेटर | नेपाल विविध सेवा | रा.प. अनंकित द्वितीय | १ |
| ५. | कार्यालय सहयोगी | नेपाल प्रशासन/सामान्य प्रशासन | श्रेणी विहिन | २ |

## ४. हालसम्मका कार्यालय प्रमुखहरु:

| क्र.सं. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १. | खिमलाल भण्डारी | का.मु.शा.अ | २०५४/११/२६ | २०५५/०८/०४ |
| २. | नवराज बराल | शा.अ. | २०५५/०८/०९ | २०५७/०३/०७ |
| ३. | तुल्सीराम सापकोटा | का.मु.शा.अ | २०५७/०४/१३ | २०५७/१०/०६ |
| ४. | विष्णु बहादुर अधिकारी | शा.अ. | २०५९/०६/०२ | २०६१/०९/०२ |
| ५. | खगेन्द्र प्रसाद बस्याल | का.मु.शा.अ | २०६३/१२/२५ | २०६५/१२/१९ |
| ६. | टेकनाथ शर्मा | का.मु.शा.अ | २०६५/०१/१६ | २०६५/०१/२० |
| ७. | रत्नाकर शर्मा गौतम | का.मु.शा.अ | २०६५/०१/२२ | २०६६/०३/२२ |
| ८. | छविलाल सुवेदी | शा.अ. | २०६६/०७/११ | २०६६/०६/२३ |
| ९. | अनिल पौडेल | शा.अ. | २०६६/१०/१४ | २०६७/०२/१४ |
| १०. | अर्जुन बहादुर थापा | शा.अ. | २०६७/०२/२३ | २०६८/०१/०९ |
| ११. | दिपेन्द्र पौडेल | शा.अ. | २०६८/०१/१३ | २०६९/०३/१४ |
| १२. | रत्नाकर शर्मा गौतम | का.मु.शा.अ | २०६९/०७/१६ | २०६९/११/१८ |
| १३. | चक्रपाणी सुवेदी | का.मु.शा.अ | २०६९/१२/१९ | २०७०/०२/२८ |
| १४. | रविलाल शर्मा पौडेल | शा.अ. | २०७०/०३/११ | २०७१/०१/१० |
| १५. | लोक बहादुर कुँवर | का.मु.शा.अ | २०७१/०१/१७ | २०७२/०४/१२ |
| १६. | जनक थापा | शा.अ. | २०७२/०४/१३ | २०७५/०६/२१ |
| १७. | नन्दराम भुसाल | का.मु.शा.अ | २०७५/०६/२५ | २०७५/११/२६ |
| १८. | अमृत सुवेदी | शा.अ. | २०७५/११/२७ | २०७६/०१/०३ |
| १९. | सन्तोष शर्मा | शा.अ. | २०७६/०१/१७ | २०७६/०९/२७ |
| २०. | लोक बहादुर कुँवर | का.मु.शा.अ | २०७६/१०/०२ | २०७७/०८/१७ |
| २१. | नवराज भण्डारी | शा.अ. | २०७७/०८/१८ | २०७७/१२/२१ |
| २२. | लोक बहादुर कुँवर | का.मु.शा.अ | २०७७/१२/२३ | २०७८/०३/१५ |
| २३. | मोहन प्रसाद उपाध्याय | शा.अ. | २०७८/०३/१६ | २०७८/०५/११ |
| २४ | लोक बहादुर कुँवर | का.मु.शा.अ | २०७८/०५/१५ | हाल सम्म |

सरोज सिग्देल
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाका प्रशासन कार्यालय
बुर्तिबाङ, बागलुङ

| | | | | |
|---|---|---|---|---|
| २५ | विष्णु प्रसाद ढकाल | का.मु.शा.अ | | |
| २६ | लोक बहादुर कुँवर | का.मु.शा.अ | | |
| २७ | सरोज सिग्देल | शा.अ | | |

## ४. कार्यालयमा हाल कार्यरत कर्मचारीहरु

स्थायी तर्फ:

| क्र. सं. | नाम थर | पद | श्रेणी | स्थायी ठेगाना | |
|---|---|---|---|---|---|
| १. | श्री सरोज सिग्देल | शा.अ | रा.प.तृतीय | कावासोती नगरपालिका -३, नवलपरासी सुस्ता पूर्व |  |
| २. | श्री दिल बहादुर थापा | नायब सुब्बा | रा.प. अनंकित प्रथम | जैमिनी नगरपालिका-९, बागलुङ |  |
| ३. | श्री नन्द कला सर्तुङ्गी | नायब सुब्बा | रा.प. अनंकित प्रथम | जलजला गाउँपालिका-४, पर्वत |  |
| ४. | श्री सुमन शर्मा अर्याल | सहायक लेखापाल | रा.प. अनंकित द्धितीय | कुश्मा नगरपालिका-२, पर्वत |  |
| ५. | श्री टंक बहादुर पुन मगर | कार्यालय सहयोगी | श्रेणी विहिन | ढोरपाटन नगरपालिका-२, बागलुङ |  |

सरोज सिग्देल
शाखा अधिकृत

करार तर्फ:

| क्र.सं. | नाम थर | पद | स्थायी ठेगाना | |
|---|---|---|---|---|
| १. | श्री मुना राई | क.अ (राष्ट्रिय परिचय-पत्र) | चौदण्डीगढी-८,उदयपुर |  |
| २. | श्री अनमाया पुन मगर | कार्यालय सहयोगी | ढोरपाटन नगरपालिका-२, बागलुङ |  |
| ३. | श्री गंगा पाण्डे | दर्ता सहयोगी (राष्ट्रिय परिचय-पत्र) | ढोरपाटन नगरपालिका-२, बागलुङ |  |

सरोज घिमिरे
शाखा अधिकृत

## ६.आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यको परिमाणात्मक प्रगति विवरण

| क.सं. | सेवाको विवरण | परिमाण | | | कैफियत |
|---|---|---|---|---|---|
| १. | नागरिकता प्रमाण-पत्र वितरण | म | पु | जम्मा | |
| | नयाँ | १५१० | १४६६ | २९७६ | वंशज |
| | प्रतिलिपि | ९६४ | १०९३ | २०५७ | वंशज |
| | जम्मा | | | ५९७५ | |
| २. | राहदानी | ९०५ | १६९४ | २५९९ | |
| | नाबालक | | | ९५ | |
| | जम्मा | | | २६९४ | |
| | राहदानी वितरण | | | ३०४४ | |
| ३. | राष्ट्रिय परिचय-पत्र | ३२०२ | ३९५४ | ७१५६ | |
| ४. | नाबालक परिचय-पत्र | | | १७३ | |
| ५. | जनजाती प्रमाणित | | | २१२ | |
| ६. | दलित प्रमाणित | | | २६५ | |
| ७. | खस आर्य प्रमाणित | | | १३ | |
| ८. | अन्य सिफारिस तथा प्रमाणित | | | ७९६ | |
| ९. | सेवाग्राहीहरुलाई निवेदन लेखिदिएको तथा फारम भरिदिएको | | | ७१५८ | |
| १०. | कर्मचारी बैठक | | | ११ | |
| ११. | CIMS अनुरोध फर्छ्यौट | | | १००% | |
| १२. | परिपत्र-प्रणालीको प्रयोग | | | १००% | |
| १३. | बजार अनुगमन | | | ५ | |

सरोज सिग्देल
शाखा अधिकृत

# ७.इलाका प्रशासन कार्यालयको नागरिक वडापत्र

| क.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरु/प्रमाणहरु | लाग्ने समय | सेवा-शूल्क | जिम्मेवार फाँटवाला कर्मचारी | गुनासो सुन्ने अधिकारी | कोठा नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | वंशजको आधारमा नेपाली नागरिकता | **१. नयाँ नागरिकताको लागि**<br>➢ सम्बन्धित वडाबाट प्रमाणित गरिएको अनुसुचि-१ फारम<br>➢ बाबु-आमाको नागरिकता प्रमाण-पत्र, जन्मदर्ता प्रमाण-पत्र/२०४७ वैशाख १ गते पूर्व जन्मेको व्यक्तिको हकमा जन्म प्रमाणित<br>➢ विवाहितको हकमा उल्लेखित कागजात सहित विवाह दर्ता प्रमाण-पत्र र पतिको नागरिकता प्रमाण-पत्र<br>➢ शैक्षिक योग्यता हासिल गरेकोमा सो का प्रमाण-पत्र प्रतिलिपि<br>➢ बाबु, आमा, दाजुभाई, दिदिबहिनी एवं एकाघरको तीन पुस्ता भित्रको सदस्यबाट सनाखत हुनुपर्ने र सनाखत गर्नेको सक्कल नागरिकता समेत<br>➢ २ प्रति फोटो<br>**२. प्रतिलिपि नागरिकता**<br>➢ सम्बन्धित वडाबाट प्रमाणित गरिएको अनुसूची-२ फारम<br>➢ सम्बन्ध विच्छेद गरेको हकमा सम्बन्ध विच्छेदको फैसलाको प्रतिलिपि, सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र र माइतीतर्फबाट सनाखत गर्ने परिवारको सदस्य<br>➢ पतिको नामथर वतन कायम गर्ने हकमा विवाह दर्ता प्रमाण-पत्र, पतिको नागरिकता प्रमाण-पत्र र माइतीतर्फको नागरिकता प्रमाण-पत्र<br>➢ थर संशोधन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत भए बमोजिम हुने<br>३. नागरिकता प्रमाणपत्र प्रदान गर्नु पूर्व आवश्यक ठानेमा कार्यालयले सर्जमिन गर्ने गराउनेछ | सोही दिन यथाशीघ्र | नयाँ नागरिकताको लागि रु १० को टिकट<br>प्रतिलिपिको लागि रु २० को टिकट | शा.अ सरोज सिग्देल,<br>दिल बहादुर थापा नायब सुब्बा, नन्द कला सर्तुङ्गी नायब सुब्बा,<br>का.स टंक बहादुर पुन मगर | कार्यालय प्रमुख | सनाखत गर्ने-२<br>छपाईका लागि पेश गर्ने-३<br>प्रमाणित गर्ने-१ | |
| २. | राहदानी | १. राजश्व दाखिला गरेको भौचर<br>२. नागरिकता प्रमाण-पत्र र सोको फोटोकपी<br>३. राष्ट्रिय परिचय-पत्र<br>४. नविकरणको हकमा पुरानो राहदानी समेत<br>५. नाबालकको हकमा नाबालक परिचय-पत्र<br>६. निवेदक स्वयम उपस्थित भई कार्यालयले प्रत्यक्ष ईनरोलमेन्ट मार्फत सेवा दिने | सोही दिन यथाशीघ्र | **१. नयाँ/नविकरण** राहदानी-रु ५,०००/-<br>नाबालकको हकमा ५ वर्ष भन्दा मुनिको रु २,५००/- सो भन्दा माथि रु५,०००/-<br>**२. हराएको हकमा** रु १०,०००/-<br>**३. बिग्रिएको र भौतिक क्षति भएको हकमा**<br>नयाँ तथा नवीकरण गर्दा लाग्ने शूल्कमा थप रु ५,०००/- | ना.सु दिल बहादुर थापा | कार्यालय प्रमुख | ५ | |



सरोज सिग्देल
शाखा अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राहदानी वितरण<br>दिल बहादुर थापा | | २ | |
| ३. | राष्ट्रिय परिचय-पत्र | १. आवेदन फारम<br>२. निवेदकको सक्कल नागरिकता<br>३. विवाहित भएमा सक्कल विवाह दर्ता र पत्नीको नागरिकता<br>४. बसाइसराइको हकमा बसाइसराइका कागज | सोही दिन यथाशीघ्र | निःशुल्क | क.अ. मुना राई | कार्यालय प्रमुख | ४ | |
| ४. | प्रमाणित/सिफारिस | १. दलित/जनजाती/खस आर्य प्रमाणितका लागि निवेदन<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस<br>३. नागरिकताको फोटोकपी | सोही दिन यथाशीघ्र | रु १० को टिकट | दिल बहादुर थापा (नायब सुब्बा)<br>नन्द कला सर्तुङ्गी (नायब सुब्बा) | कार्यालय प्रमुख | १ | |
| ५. | नाबालक परिचय-पत्र | ➢ सम्बन्धित वडाको अनुसूचि सिफारिस<br>➢ जन्मदर्ता प्रमाण-पत्र<br>➢ बाबु-आमाको नागरिकता प्रमाण-पत्र<br>➢ नाता-प्रमाणित<br>➢ ५ प्रति फोटो | सोही दिन यथाशीघ्र | रु १० को टिकट | सरोज सिग्देल (शाखा अधिकृत)<br>दिल बहादुर थापा (नायब सुब्बा) | कार्यालय प्रमुख | २ | |
| ६. | आर्थिक प्रशासन | आर्थिक प्रशासन सम्बन्धी तोकिएका कामहरु | सोही दिन यथाशीघ्र | - | स.ले.प सुमन शर्मा अर्याल | कार्यालय प्रमुख | २ | |
| ७. | दर्ता चलानी/सहायता सोधपुछ/अभिलेख | | कागजात पेश गरे पश्चात तत्काल | निःशुल्क | का.स टंक बहादुर पुन मगर<br>का.स अनमाया पुन मगर | कार्यालय प्रमुख | २ | |

गुनासो सुन्ने अधिकारी- कार्यालय प्रमुख श्री सरोज सिग्देल फोन नं. ९८५७६४१०९९

सरोज सिग्देल
शाखा अधिकृत

## ८. कार्यालयबाट प्रदान हुने सेवा प्रवाह सम्बन्धि कार्यहरु

- वंशजको आधारमा नयाँ र प्रतिलिपी नेपाली नागरिकताको प्रमाण-पत्र वितरण ।
- कार्यालयबाट प्रत्यक्ष ईनरोलमेन्ट मार्फत राहदानीको आवेदन संकलन ।
- राहदानी वितरण ।
- राष्ट्रिय परिचय-पत्रको आवेदन संकलन ।
- दलित प्रमाणित ।
- जनजाति प्रमाणित ।
- खस-आर्य प्रमाणित ।
- दुई नामथर प्रमाणित ।
- अन्य तोकिए बमोजिमका सिफारिसहरु ।
- निर्देशन अनुसार बजार अनुगमन तथा नियमन ।
- नाबालक परिचय-पत्र ।
- राहदानीको द्रुतसेवाको लागि सिफारिस ।
- कार्यालयको अभिलेख व्यवस्थापन ।
- गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय तथा तालुक निकायको निर्देशनको पालना र समन्वय ।
- विभिन्न सरकारी गैर सरकारी तथा स्थानीय तह लगायतका निकायहरुबिच समन्वय ।
- गुनासो व्यवस्थापन ।
- प्रभावकारी सेवा प्रवाहका निमित्त गरिने अन्य विविध कार्यहरु ।

सरोज सिग्देल
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाका प्रशासन कार्यालय
बुर्तिबाङ, बागलुङ

९. केही झलकहरु





सेवा लिन लामबद्ध सेवाग्राहीहरु

सरोज सिग्देल
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाका प्रशासन कार्यालय
बुर्तिबाङ, बागलुङ

श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूबाट कार्यालयको अनुगमन तथा निरीक्षण

## कार्यालयबाट सेवा सम्पादन गर्दाका केही झलकहरु













सरोज सिग्देल
शाखा अधिकृत

समाप्त